# सातौं परिच्छेद

## उपसंहार र निष्कर्ष

# सातौं परिच्छेद

## उपसंहार र निष्कर्ष

प्रस्तुत शोध प्रबन्धको यो परिच्छेद उपसंहार र निष्कर्षको रूपमा रहेको छ। यस परिच्छेदमा पूर्ववर्ती छ परिच्छेदहरूमा दार्जीलिङ्को नेपाली कथा सम्बन्धी गरिएका चर्चा विवेचना र विश्लेषण तथा मूल्याङ्कन कार्यको सार संक्षेप प्रस्तुत गरेर प्रस्तुत शोध कार्यको मुख्य प्राप्तिलाई निष्कर्षका रूपमा दर्शाइएको छ।

### ७.१. पूर्ववर्ती परिच्छेदहरूको सारांश :

प्रस्तुत शोध प्रबन्धको पहिलो परिच्छेद शोध कार्यको परिचयका रूपमा रहेको छ। यस परिच्छेदमा प्रस्तुत शोध प्रबन्धको शीर्षकको परिचय दिएर यस शोध कार्यको समस्या कथन, उद्देश्य, शोध, कार्यको सीमाङ्कन, पूर्व कार्यको समीक्षा, शोध शीर्षकको औचित्य, सामग्री सङ्कलन विधि, शोध प्रबन्धको सङ्गठन र परिच्छेद विभाजन तथा शोध कार्यको निष्कर्ष जस्ता सैद्धान्तिक कुराहरूको परिचयात्मक व्याख्या गरिएको छ अनि भावी शोध कर्ताहरूको निम्ति एकाध सुझाउहरू पनि राखिएका छन्।

यस शोध प्रबन्धको दोस्रो परिच्छेदमा 'कथा साहित्यको सैद्धान्तिक परिचय' रहेको छ। यस परिच्छेदमा कथाको अर्थ र परिभाषा दिएर कथाको परिचय प्रस्तुत गरिएको छ। यसै सन्दर्भमा प्राचीन कथा र आधुनिक कथामा पाइने साम्य भेदहरूको चर्चा गर्दै आधुनिक कथाका स्वरूपलाई चिनाउने प्रयास गरिएको छ अनि कथाका तत्त्वहरूको विवेचना चर्चा पनि गरिएको छ। यसै सन्दर्भमा कथा र उपन्यास, कथा र नाटक तथा कथा र निबन्धका बीचमा पाइने साम्य भेदहरूको पनि संक्षेपमा चर्चा गरेर आजको कथा पाश्चात्य साहित्यको देन हो भन्ने कुरा देखाएर आजको कथा बीस मिनटभित्र पढ़ि सकिने, छोटो-मीठो र प्रभावकारी विधा हो भन्ने कुरा निष्कर्षमा देखाइएको छ।

प्रस्तुत शोध प्रबन्धको तेस्रो परिच्छेद 'नेपाली कथाको विकास परम्परामा (सन् १९३८-१९९०) दार्जीलिङ्का प्रमुख कथाकार र कथाहरू' शीर्षक रहेको छ। यस परिच्छेदमा नेपाली कथाका पृष्ठभूमि र विकास सम्बन्धीको संक्षिप्त चर्चा गरेर दार्जीलिङ्को कथाको थालनी र विकास परम्पराको चर्चा गरिएको छ। नेपाली कथाको विकासको चर्चा गर्दा प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल गरी तीन खण्डमा बाड़ेर चर्चा गरिएको छ, आधुनिक कालको चर्चा गर्दा प्रस्तुत शोध प्रबन्धको शीर्षकलाई

ध्यानमा राखेर सन् १९३८-१९६० सम्मको मात्र चर्चा-विवेचना गरिएको छ। नेपाली कथाको विकास प्रक्रियाको चर्चा पछि दार्जीलिङ्मा नेपाली कथा लेखनको थालनी र विकास (सन् १९३८-१९६०)-को चर्चा गरिएको छ र यसलाई पनि पृष्ठभूमि काल, पहिलो चरण, दोस्रो चरण र तेस्रो चरण गरी चार चरणमा बाँड़ेर यसको चर्चा गरिएको छ। यसरी चर्चा, विवेचना गरेर हेर्दा दार्जीलिङ्मा सन् १८६९ को छेउछाउबाट **बाइबल**, **श्रीरामपुर बाइबल** प्रकाशित भएको र क्रिश्चियन मिशनरीहरूले धर्म प्रचार गर्ने उद्देश्यले नेपाली भाषामा अनुवाद गरेका **बाइबल**का टुक्राटुक्रीमा कथाहरू तथा पारसमणि प्रधान र शेषमणि प्रधानको **नेपाली साहित्य कथामाला** (सन् १९२५) प्रकाशित भएको पाइए तापनि नेपाली साहित्य सम्मेलन दार्जीलिङ्बाट सन् १९३८ मा **कथा कुसुम** कथा सङ्ग्रह प्रकाशित भएको पाइएकोले त्यसै समयलाई आधार बनाएर दार्जीलिङ्मा नेपाली कथाको विकास यात्राको शुरू भएको कुरा चर्चा गरिएको छ। यसरी दार्जीलिङ्को नेपाली कथाको विकास यात्राको चरणगत चर्चा गरेपछि सन् १९३८ देखि १९६० अवधिमा दार्जीलिङ्मा प्रमुख नेपाली कथाकार र उनीहरूका केही मुख्य कथा कृतिहरूको परिचय प्रस्तुत गरिएको छ र अन्त्यमा निष्कर्ष पनि दिइएको छ।

यस शोध प्रबन्धको चौथो परिच्छेदमा दार्जीलिङ्का नेपाली कथाहरूको वर्गीकरण रहेको छ। यस परिच्छेदमा दार्जीलिङ्का नेपाली कथाहरू (सन् १९३८-१९६०)-लाई वादगत प्रवृत्ति र संरचनागत प्रवृत्तिका आधारमा वर्गीकरण गरेर देखाइएको छ। वादगत प्रवृत्तिका दृष्टिले दार्जीलिङ्का नेपाली कथाहरू (सन् १९३८-१९६०) मूलतः स्वच्छन्दतावादी प्रवृत्ति, सामाजिक यथार्थपरक प्रवृत्ति, मनोविश्लेषणवादी प्रवृत्ति, प्रयोगवादी प्रवृत्ति तथा आयामिक एवं लीलालेखन प्रवृत्ति अँगालेर लेखिएका पाइएका छन् र तिनीहरूको प्रवृत्तिगत चर्चा संक्षेपमा गरिएको छ। संरचना पक्ष अन्तर्गत, संरचना स्वरूप, भाव वा विषय वस्तु एवं शैली पक्षलाई आधार बनाएर दार्जीलिङ्का नेपाली कथा (सन् १९३८-१९६०)-हरूका वर्गीकरण गरेर देखाइएको छ। यसरी सन् १९३८-१९६० सम्मका दार्जीलिङ्का नेपाली कथाकारहरूले लेखेका वादगत प्रवृत्ति, संरचना स्वरूप, भाव वा विषय वस्तु र शैली पक्षका आधारमा वर्गीकरण गरेर हेर्दा प्राप्त निष्कर्षलाई पनि संक्षेपमा केही बुँदाहरूमा समेटेर देखाइएको छ।

प्रस्तुत शोध प्रबन्धको पाँचौं परिच्छेद 'दार्जीलिङ्का नेपाली कथाहरू (सन् १९३८-१९६०)-को विश्लेषण' रहेको छ। यस शोध प्रबन्धको समयावधिभित्र लेखिएका र प्रकाशित भएका सबै कथा कृतिहरूको विश्लेषण गर्न लाग्दा शोध प्रबन्धको

आकार ज्यादै विस्तृत हुने सम्भावनाले गर्दा यहाँ प्रस्तुत शोध प्रबन्धको समयावधि अन्तर्गत रचित एवं प्रकाशित कथा कृतिहरूमध्ये तेहवटा कथा कृतिहरूलाई प्रतिनिधिमूलक कथा कृतिका रूपमा लिएर तिनीहरूको विश्लेषण गरिएको छ। प्रत्येक कथा कृतिको विश्लेषण मूलतः वादगत प्रवृत्ति संरचनागत स्वरूपमा आधारमा गरिएको छ। वादगत प्रवृत्ति अन्तर्गत स्वच्छन्दतावाद, सामाजिक यथार्थता, प्रयोगवाद तथा आयमिक एवं लीलालेखन प्रवृत्तिलाई आधार बनाइएको छ भने संरचना पक्ष अन्तर्गत, नामकरण, संरचना स्वरूप, कथानकको प्रकार, कथन पद्धति, पात्र-चरित्र-चित्रण, देशकाल र वातावरण र भाषा शैलीलाई आधार बनाएर कथा कृतिहरूको विश्लेषण गरिएको छ। यसरी प्रत्येक कथा कृतिको विश्लेषण गरेपछि अन्त्यमा निष्कर्ष पनि दिइएको छ।

यस शोध प्रबन्धको छैटौं परिच्छेद दार्जीलिङ्को नेपाली कथा साहित्यको चरण विभाजन, चरणगत मुख्य प्रवृत्ति र मूल्याङ्कन रहेको छ, प्रस्तुत शोध प्रबन्धको समयावधि (सन् १६३८-१६६०)-को दार्जीलिङ्को नेपाली कथा साहित्यको चरण विभाजन गर्दा **कथा कुसुम** (कथा सङ्ग्रह सन् १६३८) प्रकाशन काल पूर्वको समयलाई पृष्ठभूमि काल भनेर राखिएको छ। त्यसपछि, (सन् १६३८-१६६०) सम्मको समयलाई पहिलो चरण वा उठान काल, सन् १६५१-१६७१ सम्मको समयलाई दोस्रो चरण वा विकास काल र सन् १६७२-१६६० सम्मको समयलाई उत्कर्ष कालका रूपमा देखाइएको छ र प्रत्येक चरण र चरणगत मुख्य प्रवृत्तिहरूको चर्चा र विवेचना गरिएको छ। यसरी दार्जीलिङ्को नेपाली कथा साहित्यको चरण विभाजन र चरणगत मुख्य प्रवृत्तिको चर्चा विवेचना पछि यसै परिच्छेदमा प्रस्तुत शोध प्रबन्धको समयावधि (सन् १६३८-१६६०) भित्रका प्रतिनिधिमूलक कथा कृतिहरूको विश्लेषण गरिएका कथा कृति मानिएका तेहवटा कथा कृतिहरूमा चारवटा कथा कृतिहरू **कथा नवरत्न**, **विपना कतिपय**, **कथास्था** तथा **कठपुतलीको मन** उच्चतर स्तरीय; तीनवटा कथा कृतिहरू **फ्रण्टियर**, **रानी खोला**, **चक्रव्यूह** उच्च स्तरीय र छवटा **पञ्चामृत**, **सप्तकोशी**, यात्री, **आँधी बेहरी**, **टिस्टा बग्छ सँधै जस्तो**, **हैङ्ग ओभर** मध्यम स्तरीय कथा कृति रहेका पाइए। अवशिष्ट कथा कृतिहरू मध्यम स्तरीय र सामान्य तहका नै रहेका देखिन्छन्। यहाँ पनि शोध प्रबन्धको आकार प्रकार केही विस्तृत हुने सम्भावनाले गर्दा सन् १६३८-१६६० भित्र लेखिएका र प्रकाशित भएका दार्जीलिङ्का सालाखाला एक सय बयालीस कथा कृतिहरूको प्रतिनिधिका रूपमा तेहवटा कथा सङ्ग्रहहरूको मात्र मूल्याङ्कन र विश्लेषण कार्य गर्ने काम गरिएको छ। अवशिष्ट कथा कृतिहरू गुणस्तरमा दृष्टिले मध्यम, अथवा उच्च मध्यमभित्रै पर्ने देखिने हुनाले तिनीहरूको विशद् तरिकाले मूल्याङ्कन नगरिएको कुरा यहाँ उल्लेख गरिन्छ।

यस शोध प्रबन्धको सातौं परिच्छेद उपसंहार र निष्कर्षको रूपमा रहेको छ। यसको उपसंहारमा यस शोध प्रबन्धका पूर्ववर्ती परिच्छेदहरूमा गरिएका चर्चा विवेचनाहरूको सार संक्षेप प्रस्तुत गरिएको छ भने यसको निष्कर्ष अंशमा प्रस्तुत शोध कार्यको आधारभूत प्राप्तिलाई केही बुँदाहरूमा रूपमा प्रस्तुत गर्ने काम गरिएको छ।

## ७.२. निष्कर्ष

प्रस्तुत शोध कार्यबाट प्राप्त निष्कर्षलाई संक्षेपमा केही बुँदाहरूमा प्रस्तुत गरिन्छ

(१) सन् १८६६ को छेउछाउदेखि नै दार्जीलिङ्मा क्रिश्चियन मिशनरीहरूले धर्म प्रचारका उद्देश्यले **बाइबल**का एकाध कथाहरू अनुवाद गरेर प्रकाशित गरेको र पारसमणि प्रधानको **नेपाली कथा साहित्य माला** (सन् १९२५) प्रकाशित भएको पाइए तापनि **कथा कुसुम** कथा सङ्ग्रहको प्रकाशन (सन् १९३८) पूर्वको समय दार्जीलिङ्को नेपाली कथा साहित्यको पृष्ठभूमि काल हो।

(२) नेपाली साहित्य सम्मेलन दार्जीलिङ्बाट प्रकाशित **कथा कुसुम** कथा सङ्ग्रहको प्रकाशन सन् १९३८ कालदेखि नै वास्तवमा दार्जीलिङ्को नेपाली कथा साहित्यको विकास यात्रा शुरू भएको पाइन्छ।

(३) दार्जीलिङ्को नेपाली कथा (सन् १९३८-१९९०) साहित्यको विकास क्रमलाई मूलतः (सन् १९३८-१९५०) पहिलो चरण (सन् १९५१-१९७१) दोस्रो चरण (सन् १९७१-१९९०) सम्मको समयलाई तेस्रो चरणको रूपमा लिन सकिन्छ। **कथा नवरत्न, पञ्चामृत, त्रिरत्न**, पहिलो चरणका उल्लेखनीय दार्जीलिङ्का, नेपाली कथा कृति हुन् भने, **रानी खोला, चौकीदार, विपना कतिपय** आदि दोस्रो चरणका अनि **कथास्था खहरे, थमिनी कान्छी, अश्वमेघ यज्ञका घोड़ाहरू, टिस्टा बग्छ सँधै जस्तो, चक्रव्यूह, रोमन्थन, कठपुतलीको मन** ादि कथा-कृतिहरू लेखिएका पाइन्छन्।

(४) सन् १९३८-१९९० भित्र दार्जीलिङ्का नेपाली कथाकारहरूले मूलतः स्वच्छन्दतावाद, सामाजिक यथार्थता, प्रयोगवाद, मनोविश्लेषणवाद, आयामिक एवं लीलालेखन जस्ता प्रवृत्तिहरू अँगालेर कथा लेखेको पाइन्छ।

(५) सन् १९३८-१९९० भित्र दार्जीलिङ्मा मूलतः सामाजिक विषय प्रधान, ऐतिहासिक विषय प्रधान, धार्मिक वा आध्यात्मिक, भक्तिभाव प्रधान, प्रेमपरक वा रतिराग प्रधान, रहस्य-रोमाञ्चक विषय प्रधान, विचार वा चिन्तन प्रधान जस्ता विभिन्न विषयहरूको जस्ता कथाहरू लेखिएका पाइन्छन्। तर यहाँ यस अवधिमा पौराणिक विषय अँगालेर लेखिएका खास कथा कृतिको रचना वा प्रकाशन भएको देखिन्न।

(६) शैलीमा दृष्टिले हेर्दा शोध प्रबन्धको विवेच्य अवधिभित्र दार्जीलिङ्का नेपाली कथाकारहरूले मूलतः वर्णन शैली प्रधान, हास्य व्यङ्ग्य शैली प्रधान, डायरी वा पत्रात्मक शैली प्रधान कथाहरू लेखेर दार्जीलिङ्को नेपाली कथा साहित्यलाई गतिशीलता प्रदान गरेको देखिन्छ। एकाध कथाकारहरूले मनोविश्लेषणात्मक शैली अँगालेर पनि एकाध कथाहरू रचना गरेका छन्।

(७) संरचना स्वरूपमा दृष्टिले हेर्दा सन् १९३८-१९९० सम्म दार्जीलिङ्का एकाध नेपाली कथाहरू खण्ड वा परिच्छेदहरूमा विभक्त गरेर लेखेका पाइन्छन् तापनि अधिकांश कथाहरू कुनै खण्ड वा परिच्छेद आदिमा विभक्त नगरी एकै धारा प्रवाहमा रचिएका देखिन्छन्। वस्तुतः दार्जीलिङ्का नेपाली कथाहरू लघु (सर्ट स्टोरी) कथा नै हुन्। एकाध कथाहरूमा एकाध कथाहरू केही लामा वा दीर्घ आयामका देखिए तापनि ती खास उल्लेखनीय रहेको पाइँदैन।

(८) दार्जीलिङ्को नेपाली कथा (सन् १९३८-१९९०)-को विकास यात्राका चरणहरूलाई हेर्दा सन् १९३८-१९५० सम्मको समय पहिलो चरण रहेको र यस चरणमा तीनवटा कथा सङ्ग्रहको प्रकाशन हुन सकेको देखिन्छ। सन् १९५१-१७१ सम्मको समयमा लगभग त्रिरासीवटा कथा कृतिहरूको प्रकाशन हुन सकेको देखिन्छ र यो चरण दार्जीलिङ्को नेपाली कथाको विकास काल रहेको छ। सन् १९७२-१९९० सम्मको समयमा दार्जीलिङ्का नेपाली कथाकारहरूका सालाखाला बयालीसवटा कथा-कृतिहरू प्रकाशित हुन सकेको देखिन्छ तर संख्याका दृष्टिले यस तेस्रो चरणमा दोस्रो चरणका तुलनामा थोरै कथा कृतिहरू प्रकाशित भएका पाइए तापनि गुणात्मक दृष्टिले चाहिँ यस तेस्रो चरणमा कथा कृतिहरू विशेष उल्लेखनीय देखिन्छन्। त्यसैले दार्जीलिङ्का नेपाली कथाको विकास (सन् १९३८-१९९०) यात्राको यो तेस्रो चरण उत्कर्षको चरण रहेको देखिन्छ।

(९) सन् १९३८-१९९० को अवधिमा दार्जीलिङ्का नेपाली कथाकारहरूले लेखेका र प्रकाशित भएका उनीहरूका कथा कृतिहरूमध्ये तेह्रवटा कथा-कृतिहरूलाई प्रतिनिधिमूलक कथा-कृतिका रूपमा लिन सकिन्छ र ती तेह्र प्रतिनिधिमूलक कथा-कृतिहरूमध्ये चारवटा कथा-कृतिहरू उच्चतर स्तरका, तीनवटा कथा कृतिहरू उच्च स्तरका र छवटा कथा-कृतिहरू मध्यम स्तरका रहेका देखिन्छन्। अवशिष्ट कथा-कृतिहरू मध्यम स्तरीय स्तरका रहेका पाइन्छन्।

(१०) सन् १९३८-१९९० सम्मका दार्जीलिङ्का नेपाली कथाकार र उनीहरूका कथा-कृतिहरूमध्ये रूपनारायण सिंहका **कथा नवरत्न** कथा सङ्ग्रह; परशुराम रोकाका **पञ्चामृत**; शिवकुमार राईका **फ्रण्टियर**, **यात्री**; 'रसिक'-को **सप्तकोशी**, हायमनदास

राईका **आँधी बेहरी**; इन्द्र सुन्दासको **रानी खोला**; एम.एम. गुरुङको **टिस्टा बग्छ सँधै जस्तो**; मोहन ठकुरीका **हैङ्ग ओभर**; शरद छेत्रीका **चक्रव्यूह** र इन्द्रबहादुर राईका **विपना कतिपय**, **कथास्था** र **कठपुतलीको मन** विशेष उल्लेखनीय रहेका छन्। यस्तै खहरे, **थमिनी कान्छी**, **आफैं जन्मिनेहरू**, **मेरो हजुरलाई**, **मान्छे मान्छेकै बस्तीभित्र**, अमर **क्षण** आदि पनि उल्लेखनीय छन्।

(११) दार्जीलिङ्का नेपाली कथाकार (सन् १९३८-१९९०)-हरूमा रूपनारायण सिंहले स्वच्छन्दतावादी प्रवृत्ति अँगालेर कथा लेखी नेपाली कथाको विकासमा सहयोग पुऱ्याएका छन् भने इन्द्रबहादुर राईले आयामिक एवं लीला लेखन प्रवृत्तिका कथाहरू लेखेर नेपाली कथा साहित्यको विकासमा उल्लेखनीय योगदान दिएको देखिन्छ।